# मानवअधिकारपत्र

सबैका लागि मर्यादा, समानता र न्याय

Human Rights Post

NHRC Monthly Newsletter Vol. 1 Issue 11 Feb. – Mar. 2009

वर्ष १, अङ्क ११ राष्ट्रिय मानवअधिकार आयोगको मासिक बुलेटिन २०६५ फागुन


## मानवअधिकार अवस्था सुदृढ गर्न प्रधानमन्त्रीलाई स्मरणपत्र

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी मानवअधिकारका विभिन्न विषयमा आयोगका चासोहरू उल्लेख भएको स्मरणपत्र बुझाएको छ । गत माघ ५ गते आयोगका पदाधिकारीहरूले प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा प्रधानमन्त्रीलाई स्मरणपत्र बुझाउँदै वर्तमान मानवअधिकारको अवस्थाबारेमा जानकारी गराउनु भयो । स्मरणपत्रमा वर्तमान मानवअधिकार अवस्था निराशाजनक रहेको र तराई क्षेत्रमा दिनानुदिन मानवअधिकार उल्लङ्घनका गतिविधिहरू भइरहेको उल्लेख छ । त्यसैगरी मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानवअधिकार संरक्षणमा गम्भीर चुनौती खडा गरेकाले मौजुदा कानुन कार्यान्वयन गरी दोषीलाई कारबाही गर्न विलम्ब नगर्न प्रधानमन्त्रीलाई स्मरण गराइएको छ ।

आयोगको स्मरणपत्र ग्रहण गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले सरकार लोकतन्त्र, मानवअधिकार र विधिको शासनप्रति प्रतिबद्ध रहेको र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न प्रयासरत रहेको बताउनु भयो । उहाँले मानवअधिकारसम्बन्धी विषयहरूमा आयोगको नियमित परामर्श लिइने बताउनु भयो । आयोगको परामर्श खोजिएका विषयहरूमा राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) लगायत नेपालमा रहेका मानवअधिकारसम्बन्धी विभिन्न संस्थाहरूलाई नेपालमा राख्ने/नराख्ने भन्ने सम्बन्धमा सरकारले निर्णय लिनुपूर्व र मानवअधिकारसँग सम्बन्धित विषयमा विभिन्न दातृनिकायहरूसँग सम्झौता गर्दा आयोगसँग परामर्श गरेर मात्र निर्णय लिइने जानकारी प्रधानमन्त्रीले दिनुभयो । उहाँले शान्तिसुरक्षाको अवस्था सुधार्न तीनमहिने विशेष अभियान सञ्चालन गर्न लागिएको जानकारी समेत दिनुभयो ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका पदाधिकारीहरूले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले उच्च प्राथमिकता दिनु पर्ने र आयोगको सिफारिस बमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिनु पर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । त्यस्तै आयोग पदाधिकारीले मानवअधिकारसँग सम्बन्धित विधेयकहरू व्यवस्थापिका संसदमा पेस गर्नुपूर्व आयोगसँग परामर्श लिइनु पर्ने, नेपालपक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिसम्झौताको प्रतिवेदन पठाउनुअघि अनिवार्य रूपमा आयोगसँग परामर्श गरिनु पर्ने लगायतका सुझावहरू सरकारलाई दिनुभयो ।

- *दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनु पर्ने,*
- *मानवअधिकार उल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने,*
- *मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुने,*
- *द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने,*
- *विस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नु पर्ने ।*

स्मरणपत्रमा दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनु पर्ने, मानवअधिकार उल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने, मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुने लगायतका सुझावहरू दिइएका छन् । साथै, द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने, विस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नु पर्ने सुझावहरू स्मरणपत्रमा छन् । स्मरणपत्र बुझाउने क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया र सचिव विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी नेपाल सरकारका गृहमन्त्री बामदेव गौतम, मुख्य सचिव डा. भोजराज घिमिरे, कानुन सचिव माधव पौडेल, प्रधानमन्त्रीको कार्यालयका सचिव प्रतापकुमार पाठक, सहसचिव प्रमोदकुमार कार्की समेतको उपस्थिति थियो ।

*(स्मरणपत्रको पूरा विवरण पृष्ठ १० मा)*

## एचआइभी सङ्क्रमण र बालबालिकाको अधिकार

कञ्चनपुर/ आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीले सुदूरपश्चिम क्षेत्रमा एचआइभी सङ्क्रमण र बालबालिकाको अधिकारका बारेमा एकदिने सचेतना कार्यक्रम सम्पन्न गरेको छ । गत माघ १० गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा सम्पन्न उक्त कार्यक्रममा बालबालिकालाई एचआइभी लाग्नबाट बचाउन तथा एचआईभी सङ्क्रमित बालबालिकाका अधिकारहरू सुनिश्चित गर्न सरोकारवालाहरूको ध्यानाकर्षण गराइएको थियो । बालअधिकार सुनिश्चित गर्न सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले आयोजित यस कार्यक्रममा बालअधिकार र स्वास्थ्य क्षेत्र (खासगरी एचआइभी/एड्स) का क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधि र एचआइभी सङ्क्रमित व्यक्तिहरू उपस्थित थिए । त्यसैगरी आयोगले बैतडी जिल्लाको सदरमुकाम खलङ्गामा 'सीमान्तीकृत समुदायको मानवअधिकार अवस्था' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा स्थानीय निकायका प्रतिनिधिहरूले सीमान्तीकृत समूहहरूलाई राज्यको तर्फबाट उपलब्ध सेवासुविधा बिना कुनै अवरोध उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे । अन्तरक्रियाका सहभागीहरूले घरेलु हिंसा पीडित महिलाहरूका लागि प्रत्येक जिल्लामा पुर्नस्थापन केन्द्र खोल्नु पर्ने सुझाव दिए । माघ २७ गते सम्पन्न उक्त कार्यक्रममा सीमान्तीकृत समुदाय तथा संघसंस्थाका प्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, स्थानीय सरकारी निकायका प्रतिनिधिहरू लगायत उपस्थित थिए ।

## यसभित्र


१. सरकार मावनअधिकारप्रति संवेदशील भएन — २
२. माघ महिनाको मानवअधिकार अवस्था — ३
३. माघ महिनामा आयोगका मुख्य निर्णयहरू — ६
४. झापा र उदयपुरमा मानवअधिकार सचेतना कार्यक्रम — ७
५. पत्रकार उमा सिंह हत्या प्रकरण: प्रतिवेदनको सारसङ्क्षेप — ८
६. बर्दियामा प्रतिवेदन लेखन कार्यशाला सम्पन्न — ९
७. जिल्ला प्रमुखबाटै मानवअधिकारको अवमूल्यन — ९
८. प्रधानमन्त्रीलाई बुझाइएको मानवअधिकारसम्बन्धी स्मरणपत्र — १०
९. आयोगमा माघ महिनामा परेका उजुरीहरू — ११

## राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्यय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया
सचिव : विशाल खनाल


मासिक सन्दर्भ

## दण्डहीनताको चपेटामा नागरिकको मानवअधिकार

मानवअधिकारको उल्लङ्घनकर्तालाई दण्डसजायबाट छुट हुने अवस्थालाई दण्डहीनता भनिन्छ । दण्डबाट त्यस्तो छुट विभिन्न उपायद्वारा हुनसक्छ । तिनमा सरकारद्वारा स्वीकृत आममाफीसम्बन्धी कानुन, संवैधानिक ऐन र आदेशहरू तथा सामान्य व्यवहारमा तत्काल प्रचलित कानुनको कार्यान्वयनमा सरकारको असक्षमता लगायत पर्दछन् । मानवअधिकार सङ्गठनहरूले दण्डहीनतालाई मानवअधिकारको निरन्तर उल्लङ्घनको प्रमुख कारण ठान्दछन् किनकि यसले उल्लङ्घनकर्ता र निजको अपराधलाई दण्डित हुन दिँदैन । विश्वव्यापी रूपमै विधानले व्यवस्था गरेबमोजिम दोषीलाई दण्डसजाय गर्न नसकिने वा निजलाई छुटकारा दिइने अवस्थालाई जनाउन 'दण्डहीनता' शब्दको प्रयोग गरिन्छ । मानवअधिकारको अन्तर्राष्ट्रिय दस्तावेजहरूमा दोषीलाई कारबाहीको दायरामा ल्याउन नसक्ने अवस्थालाई इङ्गित गर्न समेत यो शब्दको प्रयोग भएको पाइन्छ ।

राष्ट्रिय मानवअधिकार आयोगले देशको मानवअधिकारको अवस्था जटिल बन्दै गएको भनी माघ ५ गते प्रधानमन्त्री पुष्पकमल दाहाललाई स्मरणपत्र बुझायो । स्मरणपत्रमा मानवअधिकारको अवस्था निराशाजनक रहेको, तराई क्षेत्रमा दिनहुँ हत्या र हिंसाका घटनामा वृद्धि भएको, दण्डहीनताको स्थितिले अधिकार संरक्षणमा चुनौती बढ्दै गएको लगायतका विषयहरू समावेश थिए । गत कार्तिकमा सरकारले राजनीतिक भन्दै फिर्ता लिएका ३४९ मुद्दाहरूमध्ये गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरू समेत भएकाले त्यस्ता मुद्दाहरू फिर्ता नलिन आयोगले पटकपटक ध्यानाकर्षण गराएको थियो । तर, राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायबाट समेत व्यापक आलोचनाको विषय बनेको यो मुद्दा फिर्ता प्रकरणलाई सच्याउन सरकारले कुनै चासो दिएको छैन ।

नेपालको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेका दण्डहीनता निर्मूल गर्नेसम्बन्धी विभिन्न आयोगहरू, खासगरी सत्य निरूपण आयोग र बेपत्ता आयोग अझसम्म गठन हुन सकेका छैनन् । द्वन्द्वरत पक्षहरू शान्तिप्रक्रियामा आएको दुई वर्षभन्दा बढी भइसक्दा समेत द्वन्द्वकालमा बेपत्ता भएकाहरूको स्थिति सार्वजनिक गरिएको छैन । शान्तिसम्झौताका विभिन्न प्रावधानहरू उल्लङ्घन भएका छन् । देशका विभिन्न भागमा राज्य संयन्त्रको कमजोर उपस्थितिका कारण अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरण हुने प्रवृत्ति बढेको छ । परिणाम स्वरूप नेपालमा दण्डहीनता संस्थागत बनिरहेको छ ।

कुनै राजनीतिक दल वा गुटका नाममा गरिएको अपराधलाई प्रहरी प्रशासनले काबुबाहिरको अवस्थाका रूपमा लिने प्रवृत्ति छ । नयाँ-नयाँ समूहहरू जन्मदै जाने र आफ्नो पहिचान दिनका लागि कुनै गम्भीर अपराध गराउने प्रवृत्ति बढेको छ । बम विस्फोटन र अपराधका विभिन्न घटनाहरू कुनै समूहले जिम्मा लिए पछि प्रहरीको सक्रियता कमजोर देखिएको छ । यस्तो अवस्थामा नागरिकको मानवअधिकार सङ्कुचित र निरीह बन्दछ । कुनै पनि समूह, दल वा गुट विशेषको सदस्य भएको आधारमा दोषीलाई उसले पाउनु पर्ने दण्डसजायबाट उन्मुक्ति दिइनु हुन्न । दण्डहीनतालाई अन्त्य गर्नेतर्फ सरकार र राज्यका सबै संयन्त्रहरूको प्रभावकारी सहकार्य गर्न अति आवश्यक छ ।

# 'सरकार मानवअधिकारप्रति संवेदनशील भएन'

नेपालगञ्ज/ राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले पछिल्ला दिनमा बढ्दै गएको दण्डहीनताले मानवअधिकारको अवस्था चिन्ताजनक बन्दै गएको तर सरकार संवेदनशील नभएको बताउनु भएको छ । माघ १४ गते नेपालगञ्जमा अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि र पत्रकारसँगको अन्तरक्रियामा अध्यक्ष उपाध्यायले सरकार मानवअधिकारप्रति संवेदनशील नहुँदा दण्डहीनता बढेको बताउनु भएको हो । उहाँले सरकारले राजनीतिक मुद्दाका नाममा अपराधीलाई छुटाएर दण्डहीनतालाई प्रश्रय दिएको बताउनु भयो । अध्यक्ष उपाध्यायले भन्नुभयो, 'आयोगका सिफारिस कार्यान्वयन नगर्दा दण्डहीनताको स्थिति अझ विकराल बन्दै गइरहेको छ । मानवअधिकारको स्थिति सुधन नसकेकाले आयोगको कामप्रति आफैंलाई सन्तोष लागेको छैन ।' आयोगका सिफारिस कार्यान्वयन नहुने हो भने आफू पदमा बसिरहन उपयुक्त नहुने बताउँदै उहाँले प्रधानमन्त्रीलाई पटकपटक भेटेर मानवअधिकारका विभिन्न सवालमा कुरा राखेको, प्रधानमन्त्रीले सकारात्मक जवाफ दिने गरेको तर व्यवहारमा कार्यान्वयन भएको नपाइएको बताउनु भयो । 'सम्पत्ति कब्जा गर्ने, युवादस्ता भीडन्त गर्ने, अपराधीका मुद्दा फिर्ता लिने काम शान्तिप्रक्रियामा हुँदैन' उहाँले भन्नुभयो, 'बेपत्तासम्बन्धी आयोग, सत्य निरूपण आयोग बनाएर शान्तिप्रक्रिया अगाडि बढाउनु पर्दछ' ।



**आयोगका अध्यक्ष केदारनाथ उपाध्याय र सदस्य रामनगीना सिंह सरकारी तथा सुरक्षा निकायसँग छलफल गर्दै**

अन्तरक्रियामा बोल्दै आयोगका सदस्य रामनगीना सिंहले आफ्नो विचार र अभिव्यक्ति पोखेकै कारण पत्रकारको हत्या भएको देखिएकाले राजनीति दलहरूले आफ्नोबारेमा आएका आलोचनाबाट ईख लिन नहुने बरु आफूलाई सच्याउने पाठको रुपमा ग्रहण गर्नु पर्ने बताउनु भयो । आयोगले उमा सिंहको हत्यासम्बन्धमा सूक्ष्म तरिकाले अनुसन्धान गरिरहेको उल्लेख गर्दै सदस्य सिंहले अपराधीलाई बचाउन निर्दोष व्यक्तिलाई कारबाही गरिन नहुने बताउनु भयो । उहाँले सरकारले नसुनेमा आयोग जनतासमक्ष जाने बताउनु भयो । आयोगका अध्यक्ष, सदस्य र सचिवसहितको टोली माघको दोस्रो हप्ता मध्य तथा सुदूर पश्चिमाञ्चलका तराइका जिल्लाहरूको अनुगमन भ्रमण गरेको थियो । यसक्रममा टोलीले सुदूर पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार अवस्थाबारे बुझ्न कैलाली र कञ्चनपुर जिल्लाका अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, सरकारी तथा सुरक्षा निकायका प्रतिनिधिहरूसँग भेटघाट र अन्तरक्रिया गरेको थियो ।

# माघ महिना मानवअधिकार अवस्था

राष्ट्रिय मानवअधिकार आयोगले देशको मानवअधिकारको अवस्था जटिल बन्दै गएको भनी माघ ५ गते प्रधानमन्त्री पुष्पकमल दाहाललाई स्मरणपत्र बुझायो । स्मरणपत्रमा मानवअधिकारको अवस्था निराशाजनक रहेको, तराई क्षेत्रमा दिनहुँ हत्या र हिंसाका घटनामा वृद्धि भएको, दण्डहीनताको स्थितिले अधिकार संरक्षणमा चुनौती बढ्दै गएको लगायतका विषयहरू समावेश थिए । समग्रमा देशको मानवअधिकारको स्थिति निराशाजनक नै रह्यो यो महिना । हत्या, अपहरण, कुटपीट, चन्दा र धम्की जस्ता कुराहरु यो महिना पनि जारी रहे । खासगरी पूर्वाञ्चल र मध्य तराईका जिल्लामा असामान्य स्थितिको सिर्जना भयो । यी जिल्लाहरूमा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरुमा वृद्धि भएको पाइएको छ । पश्चिमाञ्चलको तराईका जिल्लाहरूमा मानवअधिकार उल्लङ्घनका घटनामा वृद्धि भएको पाइएको छ । त्यहाँ विभिन्न आपराधिक गतिविधि, महिला तथा घरेलु हिंसाका घटना, असुरक्षा, आवागमनमा अवरोध लगायतका घटना भएका छन् । मध्यपश्चिमाञ्चल क्षेत्रमा पनि माघ महिनामा मानवअधिकार र नागरिक सुरक्षाको अवस्था सन्तोषजनक पाइएन । यो महिनामा महिला हिंसाका थुप्रै घटना सार्वजनिक भए । त्यस्तै सम्पत्ति कब्जा, सर्वसाधारणलाई कुटपिट, मार्ने धम्की दिने तथा अपहरण गर्ने लगायतका घटनाहरू भए । सुदूरपश्चिमाञ्चल क्षेत्रमा पनि घरेलु हिंसा, महिला बेचबिखन, बाल तस्करी तथा मानव तस्करीका घटनाहरू भएका छन् ।

## शान्तिसुरक्षा

माघ महिनामा शान्ति सुरक्षाको विषयलाई लिएर खासगरी पत्रकारहरूले गम्भीर चासो व्यक्त गरे । मध्य तराईका जिल्लाहरूमा दिनप्रतिदिन बढ्दै गइरहेको असुरक्षा र भयको वातारवणले पत्रकारिता क्षेत्र सङ्कटमा परेको अनुभव पत्रकारहरूको छ । प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ लगायतले पत्रकारको असुरक्षा बढेकोमा व्यापक चिन्ता र चासो व्यक्त गरेका छन् । माघ ९ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले लोहोझोरा गाविस-२ का बिकनारायण यादव र शंकर यादवलाई अपहरण गरी भोलिपल्ट मुक्त गरे । सयुक्त लिम्बुवान् राज्य परिषद्का कार्यकर्ताहरूले पाँचथरको फलैंचे गाविस भवन माघ १० देखि कब्जा गरे । नेकपा (एमाले) निकट अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) बीच माघ १० मा महेन्द्र बहुमुखी क्याम्पस धरानमा झडप भएकाले धरानमा क्षेत्रमा स्थिति तनावपूर्ण रह्यो । त्यस्तै महेन्द्र मोरङ क्याम्पस विराटनगरमा विभिन्न विद्यार्थी संगठनबीच झडप हुँदा आठजना घाईते भए । माघ १४ मा सप्तरीको राजविराजमा अज्ञात समूहले बम विष्फोट गराउँदा १२ वर्षीया पूजाकुमारी दास घाइते भइन् । माघ २१ गते धनकुटा जिल्लाको तेलिया गाविसमा वाईसीएल कार्यकर्ताहरुले चक्रबहादुर रायमाझीलाई कुटपिट गरे । माघ २४ मा सुनसरीको हलगडामा स्थानीयवासी र प्रहरीको झडपमा चार घाइते भए । माघ २६ मा अज्ञात समूहले सप्तरीको नकटी रायपुर गाविसबाट वैद्यनाथप्रसाद शाहको अपहरण गरे तर उनी त्यसैरात उम्कन सफल भए । सिरहा जिल्लाको बडरमाला गाविसमा नेपाली सेनाले विगत द्वन्द्वका समयमा कब्जा गरेको सम्पति फिर्ता गर्न स्थानीयवासीले आन्दोलन गर्दा त्यस क्षेत्रको जनजीवन प्रभावित भयो । रौतहट जिल्लाको कटहरि गाविसको कटहरिमा बम विष्फोट हुँदा सोही जिल्लाको कर्कच कर्मैया गाविस-४ बस्ने जयनारायण महतो र कटहरि गाविस-१ का हरि रायको मृत्यु भयो । तराई आर्मी नामक सशस्त्र समूहले उक्त बम विस्फोटनको जिम्मेवारी दाबी गरेको छ । माघ २६ गते धनुषा जिल्ला जनकपुर नगरपालिकाको रामानन्द चोकस्थित नजिक रातो कपडामा बेरिएको अवस्थामा फेला पर्‍यो । तराई मुक्ति राष्ट्रिय सेना नामक हतियारधारी समूहले जिम्मेवारी दाबी गरेको उक्त विस्फोटक पदार्थ सुरक्षाकर्मीको विशेष टोलीले निस्कृय पार्‍यो । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर सिनेमा हल अगाडि माघ ५ गते बम विष्फोट भयो । विस्फोटको यो घटनामा पनि तराई राष्ट्रिय मुक्ति सेना नामक समूहले जिम्मेवारी दाबी गरेको छ ।

## बलपूर्वक बेपत्ता

मकवानपुर जिल्लाको गोगने गाविस-४ बस्ने रामबहादुर ब्लोन (वर्ष २२) लाई २०६१ साल मङ्सिर ८ काठमाडौं नागढुङ्गाबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको र हालसम्म निजको स्थिति अज्ञात रहेको निजका बुबा चन्द्रबहादुरले आयोगलाई बताएका छन् ।सशस्त्र द्वन्द्वको अवधिमा सञ्जीवकुमार कर्णसमेत पाँच जनालाई बेपत्ता पारी हत्या गरेको घटनामा संलग्न धनुषा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी, क्षेत्रीय प्रहरी ईकाई कार्यालय जनकपुरका तत्कालीन वरिष्ठ प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालयका उपरीक्षक तथा श्री बाहिनी फिल्ड, धारापानी धनुषाका मेजर माथि अनुसन्धान गरी कारबाही गर्नसर्वोच्च अदालतले माघ २० गते सरकारका नाममा परमादेशको आदेश जारी गरेको छ ।

## जीवनको अधिकार

विगतका महिनाको तुलनामा यो महिनामा हत्याको घटनामा कमी आएको पाइएको छ । तैपनि यो महिना कम्तीमा ११ जनाको मृत्यु मानवअधिकार उल्लङ्घन वा ज्यादतीका कारण भएको छ । माघ महिनामा महोत्तरी र रौतहट जिल्लामा अज्ञात समूहबाट दुईजनाको हत्या भएको छ । साथै, रौतहट जिल्लामा बम विष्फोटमा परी अन्य दुई जनाको मृत्यु भएको छ । माघ ३ गते सिरहा जिल्लाको शिवचोक नजिकै धानबारीमा ३ जनाको लाश भेटियो । हत्या गरिएका तीनैजनालाई मधेसी राष्ट्र जनतान्त्रिक पार्टीले मारेको हुनसक्ने प्रहरीले जनाएको छ । माघ २१ मा सिरहा जिल्लाबाट अपहरणमा परेका अजय महतोलाई अज्ञात अपहरणकारीले झुण्ड्याएर हत्या गरे । माघ २८ गते अखिल तराई मुक्तिमोर्चा गोइत समूहका विक्रान्त भनिने अल्लन यादवको सशस्त्र प्रहरीसँगको भिडन्तमा मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस पार्टीका अन्य तीनजना हतियारसहित पक्राउ परे । त्यस्तै माघ २७ गते मधेस राष्ट्र जनतान्त्रिक पार्टी क्रान्तिकारीका सिरहा ईञ्चार्ज महान् सिंह भनिने मनोजकुमार यादवलाई आफ्नै पार्टीका कार्यकर्ताले गोली हानी हत्या गरे । दार्चुलाको ब्रम्हदेव गाविस सिमलीका सुरेन्द्रबहादुर बम (वर्ष २४) लाई रक्सी सेवन गरी होहल्ला गरेको आरोपमा स्थानीय प्रहरी चौकीको हिरासतमा राखिएकोमा भोलिपल्ट बिहान निजको मृत्यु भएको छ । यो घटनालाई शंकास्पद ठहर्‍याउँदै आयोगको कार्यालयले अनुगमन गरेको थियो ।

## आवागमनको अधिकार

स्वतन्त्रपूर्वक आवतजावत गर्न पाउने नागरिकको मौलिक अधिकार यो महिनामा अत्यधिक हनन् भएको पाइयो, खासगरी तराईका जिल्लाहरूमा । मध्य-तराईका महोत्तरी, रौतहट, सर्लाही र बारा जिल्लामा २६ दिनसम्म भएको बन्दका कारण प्रमुख सडकहरु अवरुद्ध भए ।

सरकारले विभिन्न स्थानमा एकीकृत प्रशासनिक केन्द्र खोल्ने निर्णयको विरोध र समर्थनमा विभिन्न स्थानमा (महोत्तरीको जलेश्वर, धनुषाको बर्दिवास, सर्लाहीको मलङ्गवा र हरिऔन, रौतहटको गौर र चन्द्रनिगाहपुर तथा बाराको कलैया र निजगढ) जनता आन्दोलित भएपछि त्यस क्षेत्रमा वा सो क्षेत्र भएर आवतजावत गर्ने कार्यमा बाधा पुग्यो । फलस्वरुप, सर्वसाधारण यात्रुले अनावश्यक दुःख र सास्ती खेप्न बाध्य भए । खोटाङमा जीप दुर्घटनामा परी ३ जनाको मृत्यु भएको घटनाको विरोधमा माघ ४ देखि ७ गतेसम्म त्यस क्षेत्रमा यातायात बन्द रह्यो । मुक्त शिक्षक अधिकार संरक्षण युनियनले माघ ७ देखि ११ सम्म जिल्ला शिक्षा कार्यालयमा सिरहामा तालाबन्दी गरे । माघ १२ मा कोशी पीडित सङ्घर्ष समितिले सुनसरी र सप्तरीमा चक्काजाम गर्‍यो । माघ २० मा नेपाल बसोबास बस्ती संरक्षण समाजले सुनसरी जिल्लामा राजमार्ग अवरुद्ध गर्दा त्यस क्षेत्रको जनजीवन कष्टकर हुन पुग्यो । प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घले आफ्ना कार्यकर्ताको रिहाईको माग राख्दै माघ २२ गते विराटनगर बन्द गरे । त्यस्तै पक्राउ परेका आफ्ना कार्यकर्ताको रिहाईको माग राख्दै संयुक्त लिम्बुवान् राज्य परिषद्ले माघ २५ गते झापामा यातायात बन्द गरे । थारु कल्याणकारिणी सभाले माघ २४ र २५ मा गरेका तराई बन्दका कारण त्यस क्षेत्रको जनजीवन प्रभावित रह्यो । त्यसैगरी माघ २६ देखि २८ गतेसम्म थारु कल्याणकारिणी सभाले गरेको ३ दिने तराई बन्दका कारण नवलपरासी, कपिलपस्तु र रुपन्देही जिल्ला प्रभावित भए । बन्दको क्रममा विभिन्न ठाउँमा सभाका कार्यकर्ताहरुले सवारी साधनमा तोडफोड समेत गरे र यातायातका साधन, शिक्षण संस्था एवम् उद्योग-कलकारखाना चल्न दिएनन् ।

## बालअधिकार

यसै महिना केन्द्रीय बालकल्याण समितिले सार्वजनिक गरेको अनुसन्धान प्रतिवेदनले सडक बालबालिकाहरूमध्ये ५६ प्रतिशतले उपयुक्त वातावरण पाएमा घर फर्कने चाहना राखेको उल्लेख गरेको छ । साथै उक्त समितिले काठमाडौंभित्रका सडक बालबालिकाको पुर्नस्थापना गर्न पाँचवर्षे कार्ययोजना तयार गरेको पनि जनाएको छ । मकवानपुर जिल्लाको हाँडीखोला र मनोहरी गाउँका अभिभावकहरुले आर्थिक विपन्नताका कारण आफ्ना बालबच्चा भारतीय सर्कसमा पठाउने गरेको कुरा विभिन्न सञ्चारमाध्यमले जनाएका छन् । त्यस्तै विभिन्न सञ्चारमाध्यमले जनाएअनुसार सिन्धुपाल्चोक जिल्लाको पिस्कर गाविस क्षेत्रमा बालविवाह अझै रोकिएको छैन । मकवानपुर जिल्लाको राई गाउँ गाविसकी पहरी थरकी १७ वर्षीय किशोरीले विवाह गर्न नमान्दा उनी घरबाट निकालिएकी छन् । त्यस्तै, एकीकृत सेवा केन्द्र स्थापनाको विरोध गर्ने निहुँमा केही व्यक्तिले महोत्तरी जिल्लाका १४ वर्ष मुनिका २५ जना बालकहरूलाई प्रयोग गरी नाङ्गो जुलुस प्रदर्शन गरे । समाचारमा जनाइएअनुसार शीतलहर चलेको समयमा आयोजकहरूले चकलेट दिने प्रलोभन देखाई उनीहरूको प्रयोग गरेका थिए । बैतडी जिल्ला विजयपुर गाविस-३ की पाँच वर्षीया बालिकालाई सोही स्थानका एक युवकले बलात्कार गरेको घटनाका सम्बन्धमा प्रहरीमा जानकारी गराउँदा प्रहरीले अनुसन्धान प्रक्रियामा आलटाल गरेका छन् । यसबाट पीडित बालिका न्याय पाउने अधिकारबाट वञ्चित भएको भनी आयोगमा उजुरी परेको छ ।

## महिला अधिकार

महिला हिंसा विरुद्धको अध्ययन कार्यदलले माघ २० गते सरकार समक्ष आफ्नो प्रतिवेदन बुझाउँदै महिला हिंसा नियन्त्रण गर्न उच्च स्तरीय आयोग गठन गर्न सरकारलाई सुझाव दिएको छ । चेलीबेटी बेचबिखन कार्यमा संलग्न भएको आरोपमा प्रहरीले नुवाकोटमा दुई र वीरगञ्जमा एक व्यक्तिलाई पक्राउ गरेको छ । रौतहट प्रहरीले पनि सोही जिल्ला झुन्खुन्वा गाविस-१ की मालति चमईनलाई बेचिनबाट उद्धार गरेको छ । रामेछाप जिल्लामा महिला हिंसाका घटनामा वृद्धि भएको पाइएको छ, त्यहाँ बलात्कार, बहुविवाह, अनमेल विवाह तथा बोक्सीको आरोपमा कुटपीट जस्ता घटनाहरू भएका छन् । असी प्रतिशत घरेलु हिंसा दाईजोका कारण हुने गरेको तथ्य नेपाल प्रहरी महिला सेलले जनाएको छ । एक वर्षको अवधिमा परेका उजूरीहरूको आधारमा महिला सेलले यो निष्कर्ष निकालेको हो । विवाह गरेको चार वर्षसम्म पटक पटक दाईजो नल्याएको भन्दै यातदान दिएर कपिलवस्तु जिल्ला राजपुर गाविस-७ राजपुरकी १८ वर्षीया झिंकी केवटलाई उनका पति तथा ससुरा मिलेर हत्या गरेको माईती पक्षले दाबी गरेका छन् । प्रहरीले घटनाको प्रकृति हेर्दा युवतीको मृत्यु यातनाबाट भएको हुनसक्ने बताएको छ ।

## जातीय विभेद

यस महिनामा पानी छोएको विषयलाई लिएर मकवानपुर जिल्लाको मनहरि गाविस-७ मा सोही गाविसको ज्यामिरेका जितबहादुर सुनारलाई स्थानीय शिव गिरी र हिमाल गिरीले कुटपीट गरे । कुटपिटमा संलग्न निजहरूलाई नेपाल प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा जातीय छुवाछुत विरुद्ध मुद्दा चलाएको छ । माघ महिनामा काठमाडौं जिल्लाको सेतीदेवी गाविसलाई त्यस गाविसका महिलाहरूले छुवाछुत मुक्त गाविस घोषणा गरे ।

## अभिव्यक्ति स्वतन्त्रता

सञ्चारकर्मीलगायतका अधिकारकर्मीहरूकै असुरक्षा बढेको कुराले माघ महिनामा निकै चर्चा र बहसको सिर्जना गर्‍यो । पुस २७ गते जनकपुरकी पत्रकार उमा सिंहको हत्या भएपछि नेपाल पत्रकार महासंघले पत्रकारको असुरक्षा र बढ्दो दण्डहीनता विरुद्ध चलाएको आन्दोलन महिनाभरि नै सञ्चालन भयो । देशका विभिन्न भागमा पत्रकारहरूले पेसागत सुरक्षा र विगत घटनाका दोषीहरूलाई कारबाही गर्न माग गर्दै शान्तिपूर्ण दबाबमूलक कार्यक्रमहरू सञ्चालन गरे । माघ ५ गते पिपुल्स भोलिन्टियर्सका कार्यकर्ताले राजधानी दैनिकका ईलाम संवाददाता कोकिला ढकाललाई अपहरण गर्ने धम्की दिए । माघ १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरुले सप्तरीमा कान्तिपुर दैनिकका पत्रकार जितेन्द्र खड्कालाई ज्यान मार्ने धम्की दिए । गत माघ २३ गते समाचार प्रसारण गरेको विषयलाई लिएर ग्लोरिज कलेजका विद्यार्थीले बुटवलबाट प्रकाशित हुने मेचीकाली पत्रिका जनाउनुका साथै तिनाउ एफएमको प्रसारणमा अवरोध पुऱ्याए । नेपालगञ्जबाट प्रकाशित हुने एक पत्रिकामा माघ ३ गते प्रकाशित समाचारलाई विषय बनाएर बाँकेका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश खत्रीले आयोगका क्षेत्रीय निर्देशकले प्रजिअलाई निर्देशन दिन नसक्ने दाबी गरे । यस विषयमा स्थानीय मानवअधिकारकर्मीले खेद व्यक्त गरे ।

## दण्डहीनता

यस महिनामा प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रको नाममा सम्बोधन गर्दै दण्डहीनता लोकतान्त्रिक प्रणाली र संस्कृतिको घातक रोग भएकोले यस विरुद्ध साहसपूर्वक कार्य सुरू गरिने बताउनु भयो । तर गत कार्तिक महिनामा सरकारले राजनीतिक मुद्दाका नाममा गम्भीर अपराधसम्बन्धी मुद्दाहरू पनि फिर्ता लिएको छ र त्यो निर्णयलाई सच्याउन चौतर्फी रूपमा व्यापक दबाब आइरहेपछि सरकारले वास्ता गरेको छैन । अर्कातिर, यसैमहिना संस्कृति तथा राज्य पुर्नसंरचना मन्त्री गोपाल किराँतीले सबै नेपालीले बन्दुक बोकेमा मात्र मानवअधिकार सुरक्षित हुने अभिव्यक्ति दिँदै हिंडेको पाईएको छ ।

**न्यायप्रशासन**

राष्ट्रको नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीले दाईजो प्रथाको अन्त्य, छोरा र छोरीबीच सम्पतिमा समान अधिकार, बेपत्तासम्बन्धी आयोगको गठन, विस्थापितहरूको पुर्नस्थापना, दलित शैक्षिक छात्रवृति कोषको स्थापना, हरेक गाविसमा अधिकारसम्पन्न छुवाछुत अपराध निगरानी केन्द्रको स्थापना, बोक्सीको आरोप लगाएर अपमान गर्ने र कुटपीट गर्ने जस्ता कुप्रथालाई अन्त्य गर्ने विषयमा सरकारको प्राथमिकता सार्वजनिक गरेका थिए । सरकारले यसै महिनाको १ गतेबाट नि:शुल्क प्रसुति सेवा सुरू भएको घोषणा गरेको छ । तर देशका दुर्गम जिल्लामा रहेका जनस्वास्थ निकाय (अस्पताल, स्वास्थ्य चौकीहरु) मा डाक्टर बिहीनताको अवस्था कायमै छ । यसै महिना मकवानपुरका चेपाङ महिलाहरूमा प्रजनन समस्या अस्वभाविक रुपमा देखिएको, रसुवाका महिलाहरू पाठेघर खस्ने समस्याबाट पीडित भएपनि उपचारको व्यवस्था नभएको लगायतका जानकारीहरू आयोगले प्राप्त गरेको छ । आठ वर्षअघि शिक्षक पेसा त्यागेर नेकपा (माओवादी) मा प्रवेश गरेका पर्वत जिल्ला ठूलीपोखरी गाविस-६ का रामप्रसाद लामिछाने पुष्प प्राविकी प्रधानअध्यापक लालकुमारी सुवेदीलाई विद्यालय प्रवेशमा रोक लगाएर आफू विद्यालय जान थालेका छन् । पीडित सुवेदीले जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा कार्यालयमा उजुरी गरी विद्यालयमा नियमित पढाउने वातावरण मिलाई दिन माग गरेकी छिन् । माघ महिनामा पनि कर्णालीका जाजरकोट र मुगु जिल्लाका विद्यालयमा पाठ्यपुस्तक आपूर्ति सुलभ नभएको भनी स्थानीय सरोकारवालाहरूले बताएका छन् । बलात्कार गर्ने पीडिकविरुद्ध मुद्दा लड्नको लागि खर्च नभएपछि काभ्रे जिल्लाको पात्लेखेत गाविस-५ डाँडागाउँकी १५ एक वर्षीया बालिकाले मुद्दा लड्नको लागि चन्दा माग्दै हिंडेको समाचार सार्वजनिक भएको छ । यसले दण्डहीनतालाई प्रश्रय दिएको र न्याय प्रशासन कमजोर भएको पुष्टि गर्दछ । द्वन्द्वको समयमा नेकपा दबाबमूलक (माओवादी) बाट कब्जा गरिएका घरजग्गा हालसम्म पनि फिर्ता नगरिएको भन्दै न्याय दिलाई पाउँ भनी पीडितहरूले भनी आयोगमा उजुरी दर्ता गरेका छन् । गत असोजमा कैलाली र कञ्चनपुर जिल्लामा आएको बाढीका कारण पीडित भएकाहरुले अझैसम्म पनि राहत र क्षतिपूर्ति पाउन सकेका छैनन् । त्यस्ता पीडितहरू १ सय ७० परिवार रहेका छन् ।

*बलात्कार गर्ने पीडिकविरुद्ध मुद्दा लड्नको लागि खर्च नभएपछि काभ्रे जिल्लाको पात्लेखेत गाविस-५ डाँडागाउँकी १५ एक वर्षीया बालिकाले मुद्दा लड्नको लागि चन्दा माग्दै हिंडेको समाचार सार्वजनिक भएको छ । यसले दण्डहीनतालाई प्रश्रय दिएको र न्याय प्रशासन कमजोर भएको पुष्टि गर्दछ ।*

**विदेशमा नेपालीहरूको अवस्था**

यो महिनामा विदेशमा रहेका नेपाली मजदुरहरूले दु:ख पाएका समाचारहरू विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भए । वैदेशिक रोजगारीको लागि अफगानिस्तामा अलपत्र भएपछि पाकिस्तान हुँदै नेपाल फर्कने क्रममा रहेका तीन नेपालीहरू ( ऋषिकेश प्रसाद, चीनलाल श्रेष्ठ र भीमबहादुर श्रेष्ठ) पाकिस्तानमा पक्राउ गरी जेल चलान गरिएको भन्दै उनीहरूको मानवअधिकार रक्षाका लागि आयोगमा उजुरी दर्ता गरिएको छ । त्यस सम्बन्धमा आयोगले छानबीन गर्दा पक्राउ परेका व्यक्तिको भिसा नभएकाले गत पुस २१ गते उनीहरूलाई जमरुद प्रहरी हिरासतमा राखिएको पाकिस्तानस्थित नेपाली राजदूतावासले जनाएको छ । उनीहरूलाई छोड्न आग्रह गरेको तर त्यो क्षेत्र सुरक्षाको दृष्टिले निकै संवेदनशील भएकाले विदेशी कुटनीतिज्ञहरूलाई त्यस क्षेत्रमा नजान भनिएको नेपाली दूतावासले जनाएको छ । नियमित सम्पर्क भइरहेकाले उनीहरूको अवस्था सामान्य रहेको दूतावासले जनाएको छ । त्यसैगरी सवारी चालक पदमा काम गर्न कुवेत पुगेकामा हेटौडा नगरपालिका-२ निवासी विनोद लामा अवैध लागूऔषध कारोबारमा संलग्न भएको आरोपमा त्यहाँ थुनामा परे । वैदेशिक रोजगारको लागि कतारको दोहा पुगेका १६ जना नेपालीहरू खान नपाएर भोकै बस्नु परेको समाचार नेपाली पत्रपत्रिकामा प्रकाशित भएका छन् । साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले आफ्नो वेबसाइटमा उद्धारको पर्खाइमा रहेका केही नेपाली महिलाहरूका लागि सहयोगका लागि सार्वजनिक अपील गरेको छ ।

## माघ महिनामा हत्या गरिएका व्यक्तिहरूको विवरण

| क्र.सं. | मृतकको नाम | घटनास्थल | घटना मिति | आरोपित पक्ष | मृत्युको कारण |
|---|---|---|---|---|---|
| १ | शम्भु राय यादव, फतुवा हर्षहा गाविस वडा नं. ५ रौतहट | सन्तपुर दोस्तिया, रौतहट | माघ ५ | अज्ञात | |
| २ | जय नारायण यादव खुट्टापिपराही गाविस २ महोत्तरी | पीडितको घरमा | माघ १८ | अज्ञात समुह | |
| ३ | जय नारायण महत्तो कर्कच कर्मैया गाविस ४, रौतहट | कटहरि गाविस स्थित हाटवजार | माघ १३ | तराई आर्मी | बम विष्फोटबाट |
| ४ | हरि राय (मृतक), कटहरि गाविस १, रौतहट | कटहरि गाविस स्थित हाटवजार | माघ १३ | तराई आर्मी | बम विष्फोटबाट |
| ५ | मनोजकुमार यादव (महान् सिंह) | सिरहा | माघ २७ | मधेस राष्ट्र जनतान्त्रिक पार्टी क्रान्तिकारीका कार्यकर्ता | आफ्नै पार्टीका कार्यकर्ताबाट |
| ६ | अल्लन यादव (विक्रान्त) | सिरहा | माघ २८ | प्रहरी | मुठभेड |
| ७ | अजय महतो | सिरहा | माघ २१ | अज्ञात अपहरणकारी | --- |
| ८ | नाम नखुलेका तीन व्यक्ति | सिरहा शिवचोक | माघ ३ | मधेसी राष्ट्र जनतान्त्रिक पार्टीको आशंका गरिएको | --- |

# माघ महिनामा आयोगका मुख्य निर्णयहरू

**राष्ट्रिय मानवअधिकार आयोगको माघ महिनाको विभिन्न मितिमा भएको बैठकले मानवअधिकार आयोग उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ बमोजिम पारित गरेका निर्णयहरू**

| उजुरी नम्बर | उजुरीको विषय | निर्णय |
|---|---|---|
| ४४३, ५१६, ५१८, ५१९, ५५९, ५६२, ५६७, ५८३, ६५२, ८१२, ८१५, ८३९, ११४४, ११४५, ११८९,, १३८८, १९९३, २०२७, २०९८, २१४७, २५१८, २८५९, २९८०, ३०२५, ३०७९, ३१४७, ३१४८, ३१५०, ३१५१, ३१५८, ३५३०, ४४०२,, ४०९०, ४४४५ | मानवअधिकारको स्थिति खस्कदै गएको, द्वन्द्वको समयमा नेकपा (माओवादी) बाट डर, त्रास, धम्की र यातना दिएकाले शान्तिपूर्ण जीवनयापन गर्न कठिनाई भएको । | सशस्त्र द्वन्द्वको समयमा उजुरी दर्ता गरिएको, तत्कालिन परिस्थितिमा मानवअधिकार र मानवीय कानुनको पालना गराउन आयोगले सम्बन्धित पक्षको ध्यानाकर्षण गर्न विभिन्न पहल गरेको, सशस्त्र द्वन्द्व अन्त्य भइसकेको वर्तमान परिवेशमा पीडित पक्ष आयोगको सम्पर्कमा नआएकाले उजुरी टुङ्ग्याउने । |
| २००, २६९, २७४, ३९७, ४०९, ४०९, ५९५, ६००, ६००, ६५०, २९५४, २९५५ | सुरक्षाकर्मी बेपत्ता पारिएको । | जाँचबुझ अनुसन्धान हुँदा कतिपय व्यक्ति छुटिसकेको भन्ने जानकारी हुन आएको र कतिपय व्यक्तिको घर ठेगानामा पत्राचार गर्दा समेत कुनै जानकारी प्राप्त हुन नआएको देखिँदा र उजुरी टुङ्ग्याउने । |
| ५८२, ३०७१, ३१२२, ३१२५, ३१७९, ३२८५, ३३९९, ३४२१ | अज्ञात व्यक्ति वा समूहबाट बेपत्ता पारिएको । | को-कसबाट बेपत्ता पारिएको भन्ने उजुरीमा प्रष्ट नभएको, द्वन्द्वको बेलामा हराएको र हालसम्म निजहरूको अवस्था सार्वजनिक नभएको पाइएकोले अनुसन्धान जारी राख्ने । |
| ३६४१ | नक्साल स्थित नन्दीरात्री स्कुलमा अध्ययनरत विद्यार्थी सद्दाम खानको विद्यालय बाहिर खेल्दाखेल्दै मृत्यु भएको, स्कुलको लापरबाहीबाट मृत्यु भएकोले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिनु पर्ने । | विद्यालयले दिएको जवाफ र वीर अस्पतालको रेकर्ड हेर्दा २०६३।१।२७ गते दिउँसो १:३० बजे घटना भएको, विद्यालयले उपचारको लागि तुरुन्त वीर अस्पताल पुऱ्याएको, र उपचारको क्रममा निजको मृत्यु भएको देखिँदा स्कुलको गल्तीबाट मृत्यु भएको भन्ने नदेखिएकाले उजुरी टुङ्ग्याउने । |
| २६१८, २९९६, ३००० | नेकपा (माओवादी) का कार्यकर्ताले अर्घाखाँची, पाल्पा, धनकुटा, इलाम, संखुवासभा जिल्लामा निजी विद्यालय सञ्चालन गर्न अवरोध गरेकाले शिक्षाको अधिकार हनन भएको, | सशस्त्र द्वन्द्वको समयमा उल्लिखित समस्या रहेको, आयोगबाट तत्काल सम्बन्धित पक्षको ध्यानाकर्षण गराई विद्यालय खुलाउन पहल भएको र हाल स्थिति सामान्य रहेको देखिंदा उजुरी टुङ्ग्याउने । |
| २६२७ | द्वन्द्वको कारण २०५८ सालमा विस्थापित भएकाले दाजुको छोरालाई घर पठाउन सिफारिस पाउँ । | हाल द्वन्द्वको अवस्था नरहेकाले उजुरी टुङ्ग्याउने । |
| ४४९५ | २०६५ भदौ ४ गते ललितपुर जिल्ला कुसुन्ती बस्ने विजय लामालाई विद्यालयमा तोडफोड गरेको कारण थुनामा राखिएको, मुक्त गरी पाउँ । | निज हाल रिहा भईसकेकाले उजुरी टुङ्ग्याउने । |
| ३१६४ | २०६२।२।१५ गते जिल्ला सोलुखुम्बु लोखीम- ९ घर भई काठमाडौं गोगंबु बस्ने दाफिञ्जु शेर्पालाई गैरकानुनीरूपमा थुनामा । | सर्वोच्च अदालतको आदेशानुसार निज थुना मुक्त भएको जानकारी प्राप्त हुन आएकोले प्रस्तुत उजुरी टुङ्ग्याउने । |
| ३३७० | मकवानपुर छतिवन गा.वि.स. वडा नं. ७ बस्ने अम्बिका पाण्डे बेपत्ता भएको | अनुसन्धानको क्रममा निजको अवस्था सार्वजनिक भईसकेको भन्ने देखिन आएकोले प्रस्तुत उजुरी टुङ्ग्याउने । |
| १५१४ | २०६० साल असारमा सिन्धुली जिल्लाको सिन्धुलीमाढी स्थित 'विकासका लागि सहयोगी हातहरू' नामक संस्था खारेज गरिएको । | पुनरावेदन अदालत जनकपुरबाट उक्त विवादमा रिट खारेज गर्ने आदेश भईसकेको र हाल उक्त संस्था चालु नभएबाट प्रस्तुत उजुरी टुङ्ग्याउने । |

| | | |
|---|---|---|
| ४४८७ | २०६४ सालमा काठमाडौं स्थित बुढानिलकण्ठ बोर्डिङ्ग स्कुलका विद्यार्थीहरूले स्काउट शिक्षकद्वारा विद्यार्थीलाई यौन दुर्व्यवहार गरेको | स्कुल व्यवस्थापनबाट दोषी शिक्षकलाई आवश्यक कारबाही गरिसकेको मिसिलमा संलग्न कागजातबाट देखिदा प्रस्तुत उजुरी टुङ्ग्याउने । |
| ३६२२ | काठमाडौं कुलेश्वर १४ वस्ने सम्राट बस्नेतलाई निजको बुवाले कुटपिट, दुर्व्यवहार गरेको | उजुरकर्ता स्वयंबाट बाबुआमाविच छोडपत्र भएको तर कुटपिट नभएको भनि जानकारी गराएको देखिदा प्रस्तुत उजुरी टुंगयाईदिने |
| ३७० | गोरखा, म्याग्दी, कपिलवस्तु जिल्लामा प्राथमिक विद्यालयमा नि:शुल्क शिक्षा दिने सरकारी नीतिको प्रतिकूल शुल्क लिएको | थप कारबाही गर्नु आवश्यक तहमा प्रस्तुत उजुरी टुङ्ग्याउने । |
| ४५५२ | राई स्कुल अत्तरखेल जोरपाटीमा विद्यार्थी प्रवीण नेपाललाई कुटपिट गरेको | उजुरीमा थप कारबाही नगर्न पीडितको तर्फबाट अनुरोध प्राप्त भएकाले प्रस्तुत उजुरी टुङ्ग्याउने । तर विद्यालयमा विद्यार्थीलाई यातना दिने कार्य रोक्न आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ३७७२ | ड्याफोडिल पब्लिक स्कुलमा विद्यार्थीलार्य शिक्षकबाट कुटपिट भएको । | हाल समस्या समाधान भइसकेकाले उजुरी टुङ्ग्याउने । |
| ८७९ | ने.क.पा. (माओवादी) का कार्यकर्ताले २०५८।१०।११ मा जिल्ला पाँचथर सुमाङ्ग ८ बस्ने विष्णु बुढाथोकी समेतलाई धम्की दिएकाले मानवअधिकार संरक्षण गरिपाउँ । | अवस्था सामान्य रहेको देखिदा प्रस्तुत उजुरी टुङ्ग्याउने । |

# झापा र उदयपुरमा मानवअधिकार सचेतना कार्यक्रम

झापा/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले झापाको गौरादहमा मानवअधिकार सचेतना कार्यक्रम सम्पन्न गरेको छ । गत माघ ११ गते सम्पन्न उक्त कार्यशालामा आयोगको टोलीले मानवअधिकारको अवधारणा र विकास तथा अन्तर्राष्ट्रिय मूल्य-मान्यताहरूका बारेमा छलफल तथा सहजीकरण गरेको थियो । कार्यक्रममा आयोगका क्षेत्रीय निर्देशक सुवर्ण कर्माचार्यले मानवअधिकार आयोगको काम, कर्तव्य र पूर्वाञ्चलको मानवअधिकार अवस्थाबारे जानकारी गराउनु भएको थियो । उहाँले आयोगको काम कारबाहीमा सहयोग गरी मानवअधिकारको अवस्थालाई सुदृढ गर्दै मानवअधिकार संस्कृतिको विकासमा योगदान दिन यस क्षेत्रका सरोकारवाला सबैलाई आग्रह गर्नुभयो ।

कार्यक्रमको सहजीकरण गर्दै आयोगका मानवअधिकार अधिकृत बालकृष्ण पोखरेलले मानवअधिकारसम्बन्धी शब्दावलीहरूका बारेमा सहभागीहरूलाई जानकारी गराउनु भयो । कार्यक्रममा गौरादह क्षेत्रका बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि, प्राध्यापक, शिक्षक, द्वन्द्व पीडित तथा सर्वसाधारणको उपस्थिति थियो । कार्यक्रममा बोल्दै बेपत्ता परिवार समाजका केन्द्रीय सल्लाहकार भीमबहादुर बस्नेतले सशस्त्र द्वन्द्वको क्रममा राज्यले बेपत्ता पारेका गौरादहका तारा रिजाल लगायतको अवस्था अबिलम्ब सार्वजनिक गर्न माग गर्नुभयो । उहाँले बेपत्ताको स्थिति चाँडो सार्वजनिक गर्न आयोगले सरकारलाई अझै बढी दबाब दिनुपर्ने धारणा राख्नुभयो । कार्यक्रमको अन्त्यमा सहभागीहरूले राखेका जिज्ञासाहरूका बारेमा निर्देशक सुवर्ण कर्माचार्यले जवाफ दिनुभएको थियो । सहभागीहरूले यस्ता किसिमका कार्यक्रमहरू गाउँगाउँमा गरिनु पर्ने कुरामा जोड दिएका थिए । गौरादह बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख भोजराज दाहालले मानवअधिकार शिक्षाबारे गौरादहमा सचेतना कार्यक्रम सञ्चालन गरेकोमा खुशी प्रकट गर्दै आयोगलाई धन्यवाद दिनुभयो ।

यसैबीच आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले उदयपुर जिल्लाको कटारीमा दलित अधिकारसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । गत माघ १८ गते सम्पन्न उक्त कार्यक्रमको मुख्य उद्देश्य आफ्नो मानवअधिकारबारे दलित समुदायलाई अवगत गराई अधिकार उल्लङ्घन भएको अवस्थामा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गर्न सचेतना अभिवृद्धि गर्नु रहेको थियो । कार्यक्रममा सिन्धुली र उदयपुर जिल्लाका ४० जना दलितहरू सहभागी थिए ।




**राष्ट्रिय मानवअधिकार आयोग सम्पर्क कार्यालय खोटाङद्वारा खोटाङको सदरमुकाम दिक्तेलमा आयोजित "बाल अधिकार र आगामी संविधानसभामा बालबालिकाको सवाल" विषयक दुई दिने कार्याशाला गोष्ठीका सहभागीहरू ।**

### पत्रकार उमा सिंह हत्या प्रकरणः थप अनुसन्धान गर्नु पर्ने आयोगको निष्कर्ष

# आयोगको अनुसन्धान प्रतिवेदनको सारसङ्क्षेप

जनकपुरधामस्थित जनकपुर टुडे रेडियोमा कार्यरत पत्रकार उमा सिंहलाई अज्ञात सशस्त्र समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले माघ ३ देखि ८ गतेसम्म अनुगमन तथा अनुसन्धान गरेको थियो । अनुसन्धान टोलीमा आयोगको संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारी, उपनिर्देशक, दुर्गा खड्का, संरक्षण अधिकृत प्रदीपकुमार झा र जनकपुर कार्यालय प्रमुख बुद्धनारायण साहनी केवट सम्मिलित हुनुहुन्थ्यो । अनुसन्धानको क्रममा घटना स्थलको अनुगमन, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र मृतकको परिवारका सदस्यबाट प्राप्त तथ्य, धनुषा जिल्लामा कार्यरत पत्रकार, मानवअधिकारकर्मी, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि लगायतबाट प्राप्त तथ्य, सूचना तथा जानकारी समेतका आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

धनुषा जिल्ला जनकपुरधामस्थित रेडियो टुडेमा कार्यरत पत्रकार उमा सिंह (वर्ष २४) लाई २०६५ पुस २७ गते बेलुका करिब ७:१५ बजेतिर एउटा अपराधिक समूहले निज उमा डेरा (जनकपुर नगरपालिका-१४ स्थित गोविन्द कार्कीको घर) मा खाना पकाईरहेको बेला धारिलो हतियार प्रयोग गरी साङ्घातिक आक्रमणबाट घाइते बनाए । अन्दाजी १४ जनाको सङ्ख्यामा आएका उक्त समूहका ४।५ जनाले उमा सिंहको डेरा (कोठा) मा प्रवेश गरी धारिलो हतियार प्रहार गर्दै कपाल समातेर घिसार्दै कोठाबाट निकाले, र टाउको, घाँटी, हातपाखुरा, गाला र कम्मरमा प्रहार गरी गम्भीर घाइते बनाए । मरणासन्न अवस्थामा रहेकी उमा सिंहलाई सोही घरमा बहालमा बसेका व्यक्ति, छिमेकी तथा अन्य मानिसले मोटरसाइकलमा राखी तत्कालै अस्पताल पुऱ्याए । स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि एम्बुलेन्समा काठमाडौं लैजादै गर्दा महोत्तरी जिल्लाको बर्दिवास नपुग्दै निज उमा सिंहको मृत्यु भयो ।

स्थलगत अनुसन्धान समेतका आधारमा उमा सिंहको हत्या नियोजित रूपमा गरिएको गम्भीर आपराधिक घटना भएको आयोगको निष्कर्ष छ । यो घटनामा संलग्न रहेको हुनसक्ने भन्ने सम्बन्धमा तराई एकता परिषद्का स्वामीजी यादवले जिम्मा लिएको भनी विभिन्न पत्रपत्रिकामा फ्याक्स पठाइएको पाइएको छ । तसर्थ, निजले दाबी गरेअनुसार हत्या भएको हो वा असली हत्यारालाई अपराधबाट उन्मुक्ति दिलाउन प्रपञ्च गरी अनुसन्धानलाई बिचलित पार्न त्यसो गरिएको हो, थप अनुसन्धान हुनुपर्ने देखिन्छ । त्यस्तै नेकपा (माओवादी) का कार्यकर्ताले २०६३ भदौ १५ गते सिरहाको मिर्चैयास्थित होटल मुस्कानबाट मृतक उमाका बुबा रञ्जित सिंह र दाजु सञ्जय सिंहलाई अपहरण गरेको भनी दिएको मुद्दा सिरहा जिल्ला अदालतमा विचाराधीन रहेको र उमा सिंहले अभियुक्तहरूलाई लक्षित गरी रेडियो तथा पत्रपत्रिकामा आवाज उठाउँदै न्यायका लागि पहल गरिरहेको कारण रिसईवीले पुरानो घटनामा संलग्न व्यक्तिहरूको समेत हात हुनसक्ने प्रवल सम्भावना देखिन्छ । त्यस्तै मृतक उमा सिंहकी आमा र भाउजूबीच रहेको पारिवारिक किचलो र सम्पतिसम्बन्धी विवादको कारण पनि हत्या भएको हुनसक्ने देखिन्छ । घटनाको षड्यन्त्र गर्ने व्यक्ति, घटनाका योजनाकार, मतियार र अभियुक्त धेरैजना हुनसक्ने भएकोले संलग्न दोषीहरूलाई फौजदारी अपराध अन्तर्गत सूक्ष्म रूपले अनुसन्धान गरी निष्कर्षमा पुग्नु आवश्यक छ ।

पत्रकार उमा सिंहको हत्या साङ्घातिक रूपमा भएको गम्भीर फौजदारी अपराधसँग सम्बन्धित भएकाले घटनामा संलग्न सबै दोषीहरूलाई कानुनबमोजिम थप अनुसन्धान गरी कारबाही गर्नु पर्ने देखिन्छ । साथै, तराई क्षेत्र खासगरी जनकपुर तथा आसपासका क्षेत्रमा केही समय अघिदेखि हत्या-हिंसाका घटना बढ्दै गएकाले मानवअधिकारको अवस्था खस्किदै गएको र पत्रकार तथा मानवअधिकार रक्षकको सुरक्षा समेत जोखिमपूर्ण रहेको पाइयो । तसर्थ, मानवअधिकार रक्षक र सञ्चारकर्मीहरू माथि थप असुरक्षा महसुस भएकाले उनीहरूको सुरक्षार्थ अविलम्ब प्रभावकारी कदम चाल्नु आवश्यक छ ।

### नेपाल सरकारलाई आयोगको सिफारिस

- स्थानीय प्रशासनबाट भएको हालसम्मको अनुसन्धानको आयोगले अनुगमन गर्दा घटनामा संलग्न सम्पूर्ण व्यक्तिहरूलाई गिरफ्तार गरी अनुसन्धान भएको नपाइएको र विस्तृत अनुसन्धानको दायरामा ल्याउनुपर्ने केही व्यक्तिलाई गम्भीरतापूर्वक परीक्षण नगरिएको देखिंदा निष्पक्ष र विश्वसनीय रूपमा थप अनुसन्धान गर्नुपर्ने ।
- घटनाका षडयन्त्र गर्ने व्यक्ति, योजनाकार, मतियार र हत्यामा संलग्न सम्पूर्ण व्यक्तिहरूलाई गिरफ्तार गरी फौजदारी अभियोगमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कारबाही गर्ने ।
- सम्पतिका लागि घटनामा भाउजू ललिता सिंहले षडयन्त्रकारीको भूमिका निभाएको हुन सक्छ तर कर्तव्य ज्यान जस्तो गम्भीर आपराधिक घटना को-कसले गरेको हो ? त्यसमा अन्य क-कसको संलग्नता छ ? त्यसबारे आपराधिक अनुसन्धान गर्ने ।
- तराई एकता परिषद्का स्वामीजी यादवले घटनाबारे बारम्बार जिम्मा लिई आमसञ्चारका माध्यममा समाचार सम्प्रेषण गर्न दबाब दिनुबाट निजले दाबी गरेअनुसार हत्या भएको हो वा असली अपराधीलाई उन्मुक्ति दिलाउन प्रपञ्च गरी अनुसन्धानलाई अर्कोतिर मोड्न प्रयोग गरिएको हो ? वा घटनामा स्वामीजी यादव भनिएको व्यक्तिको पनि संलग्नता छ त्यसबारे विस्तृत अनुसन्धान हुनुपर्छ ।
- सिरहा जिल्ला अदालतमा विचाराधिन रञ्जित सिंह समेतलाई अपहरण गरेकोसम्बन्धी मुद्दा उमा सिंहको हत्या सम्बन्धमा पछि दायर हुनसक्ने मुद्दाको कडीको रूपमा रहेको उक्त दुवै मुद्दा स्थानीय जिल्ला अदालतबाट भन्दा विशेष अदालत काठमाडौंबाट हेरिएमा बढी निष्पक्ष र विश्वसनीय न्यायको वातावरण हुने भएकाले सोही बमोजिम व्यवस्था मिलाउने ।
- तराई क्षेत्रमा अपराधिक गिरोह, भूमिगत सशस्त्र समूहबाट भएका अपराधलाई र अपराधमा संलग्न व्यक्तिहरूलाई तथा जिम्मेवार राजनीतिक दलहरूबाट अपराधीलाई संरक्षण दिएको कारण बढ्दै गएको दण्डहीनताको संस्कृतिको कारण हत्याहिंसाका घटना बढ्दै गएको पाइएको छ । उमा सिंहको वीभत्स हत्यापश्चात् सञ्चारकर्मी र मानवअधिकार रक्षकमा थप डर, त्रास र भयको कारण वाक तथा प्रकाशन र प्रेस स्वतन्त्रताको गम्भीर रूपमा हनन् हुन गई मानव अधिकारको अवस्था खस्किदै गएको पाइएकोले आमनागरिक र मानवअधिकार रक्षकलाई शान्ति सुरक्षाको प्रत्याभूतिका लागि विशेष प्रबन्ध मिलाउन तथा उनीहरूले स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने अधिकार निश्चित गर्न ।
- प्रेस स्वतन्त्रताको रक्षाको निमित्त शान्ति सुरक्षा लगायत आवश्यक व्यवस्था गराउन ।

### राजनितिक दललाई आयोगको सिफारिस

फौजदारी अभियोगमा संलग्न व्यक्तिहरूलाई अपराध अनुसन्धानको सिलसिलामा राज्यका निकायबाट पक्राउ गर्दा राजनीतिक दल तथा तिनका भ्रातृसङ्गठनबाट बारम्बार गरिने बन्द, हड्ताल, चक्काजाम, अभियुक्तलाई छाड्न स्थानीय प्रशासनलाई दिइने दबाब जस्ता क्रियाकलाप नगर्न/नगराउन विभिन्न राजनीतिक दल, पार्टीका प्रमुखहरूलाई कानुनी शासनको पालना र दण्डहीनताको अन्त्यका लागि अपराध अनुसन्धानमा राज्यका निकायलाई सहयोग गर्न गराउन ।

# बर्दियामा प्रतिवेदन लेखन कार्यशाला सम्पन्न



कार्याशालाको उद्घाटन गर्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्याय

बर्दिया/आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने तथा आयोगबाट प्रकाशित हुने प्रतिवेदनमा एकरूपता ल्याउन राष्ट्रिय मानवअधिकार आयोगले बर्दियामा तीनदिने प्रतिवेदन लेखन कार्यशाला सम्पन्न गरेको छ । गत फागुन १६ देखि १८ गतेसम्म नेपाल वन्यजन्तु आरक्ष, बर्दियामा सम्पन्न उक्त कार्यशाला उद्घाटनका अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले भन्नुभयो, 'आयोगमा बर्षैंदेखि काम गरिरहनु भएको तपाइँहरूको कार्यगत अनुभव र प्रभावकारी प्रतिवेदनसम्बन्धी तपाइँहरूको ज्ञानलाई एउटै दिशातर्फ अभिमुखीकरण गर्न जरुरी भएकाले हामी यहाँ भेला भएका हौं । प्रतिवेदनमा सबै महत्वपूर्ण कुरा समेटिउन् र उही कुरा नदोहोरिउन्, मानवअधिकारमैत्री र सरल भाषा, तथा आवश्यक सबै जानकारी समेटिएमा सर्वसाधारणले आयोगका बारेमा राम्ररी बुझ्न सक्छन् ।' आयोगका सदस्य रामनगीना सिंहले स्तरीय प्रतिवेदन लेखन भनेको आयोगको स्तर उकास्ने महत्वपूर्ण काम भएको धारणा राख्नुभयो ।

कार्यशालामा प्रतिवेदनका तत्वहरू, लेखाइको शैली, चिन्ह, शब्द छनोट र भाषाको प्रयोग, प्रतिवेदन लेखनमा कानुनी आधार, प्रमाणको प्रस्तुतिकरण, सवालमा तथ्यको पहिचान, सङ्कलन र विश्लेषण, सिफारिस लेखन, अनुसूचीको छनोट र प्रस्तुति, प्रतिवेदनको आकार ढाँचा, प्रतिवेदन लेखनमा आइपर्ने समस्याहरू लगायतका विषयमा छलफल र सहजीकरण गरिएको थियो । आयोगले मानवअधिकार प्रवर्द्धन र संरक्षणका विभिन्न घटनाक्रमको अनुगमन वा सचेतना कार्यक्रम सञ्चालन गरेपछि प्रतिवेदन तयारी गर्ने गरेको छ । साथै, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ ले नेपालको मानवअधिकार अवस्थाबारे नेपाल सरकारलाई प्रतिवेदन पेस गर्ने दायित्व सुम्पेको छ । त्यसैगरी विस्तृत शान्ति सम्झौता, २०६३ ले शान्ति सम्झौता पछिको मानवअधिकार अवस्थाको अनुगमन गर्ने जिम्मेवारी आयोगलाई दिएको छ । यी सम्पूर्ण दायित्वहरू पूरा गर्न आयोगले समयसमयमा विभिन्न शीर्षकहरूमा प्रतिवेदन तयार पार्ने र सम्बन्धित निकायमा पेस गर्ने तथा सञ्चारकर्मी र मानवअधिकारकर्मी लगायतका सरोकारवालाको उपस्थितिमा सार्वजनिक गरेको छ । आयोगबाट प्रकाशित हुने वार्षिक प्रतिवेदन, मानवअधिकार अवस्था प्रतिवेदन, बेपत्तासम्बन्धी प्रतिवेदन लगायतका प्रतिवेदनहरू महत्वपूर्ण मानिन्छन् ।

कार्यक्रममा सचिव विशाल खनाल, क्षेत्रीय निर्देशक वेद भट्टराई, योजना तथा मूल्याङ्कन इकाइ प्रमुख दीपकजङ्गध्वज कार्की, संरक्षण महाशाखा प्रमुख यज्ञ अधिकारी, प्रतिवेदन लेखन इकाइका नारायणप्रसाद सेढाईं, तालिम अधिकृत मञ्जु खतिवडा, नेपालीभाषा विज्ञ डा. गोपाल शर्मा अधिकारी लगायतले कार्यशालामा सहजीकरण गर्नुभएको थियो । प्रतिवेदन लेखन कार्यशालामा आयोगका पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज र सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढीका कर्मचारीहरूको सहभागिता थियो ।

# जिल्ला प्रमुखबाटै मानवअधिकारको अवमूल्यन

नेपालगञ्ज/ नेपालगञ्जका मानवअधिकारकर्मीहरूले प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को व्यवहारले राज्यको मानवअधिकार प्रतिको दायित्वको अवमूल्यन भएको बताएका छन् । गत माघ ३ गते स्थानीय पत्रिकामा प्रकाशित 'आयोगको निर्देशन' शीर्षकमा प्रकाशित समाचारका सम्बन्धमा बाँकेका प्रजिअ गणेशबहादुर खत्रीले आयोगको क्षेत्राधिकारमा हस्तक्षेपपूर्ण व्यवहार प्रस्तुत गरेको भन्दै उनीहरूले संयुक्त विज्ञप्तिमार्फत् यस्तो दृष्टिकोण सार्वजनिक गरेका हुन् ।

माघ २ गते आयोगको मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले बाँकेका प्रजिअ गणेशबहादुर खत्री र प्रहरी उपरीक्षक मिङ्मा लामासँग बाहिदा खातुनको अपहरण, जिल्लाको सुरक्षासम्बन्धी योजना, चन्दा आतङ्क, द्वन्द्व-पीडितलाई राहत, शान्ति-सुरक्षालगायत मानवअधिकारको समग्र अवस्थाबारे आयोगको क्षेत्रीय कार्यालयमा छलफल गरेको थियो । छलफलका विषयवस्तुका बारेमा आयोगले प्रकाशित गरेको विज्ञप्तिलाई स्थानीय 'कालपृष्ठ दैनिक'ले प्रकाशित गरेको समाचारलाई निहुँ बनाएर प्रजिअ खत्रीले आयोगको क्षेत्राधिकारमाथि नै प्रश्न उठाएका थिए । नागरिकको मानवअधिकारलाई सम्मान, संरक्षण र पप्रितिरपूर्ति गर्नुपर्ने दायित्व बोकेको राज्यका निकायबाट नै यस्तो व्यवहार भएको भन्दै नेपालगञ्जमा रहेका २४ ओटा संस्थाहरूले संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरी प्रजिअको व्यवहारले समग्र मानवअधिकारको अवमूल्यन गरेको जनाएका छन् । जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'कानुनको परिपालना गराउने प्रमुख जिम्मेवारी बहन गरेको प्रशासन प्रमुखबाट संवैधानिक निकायको रूपमा स्थापित आयोगको क्षेत्राधिकार बमोजिम गरिएको कामकारबाहीलाई चुनौती दिएको घटनाप्रति हामी खेद प्रकट गर्दछौं ।' संयुक्त प्रेस विज्ञप्तिमा अगाडि भनिएको छ- 'आगामी दिनमा परम्परागत शासकीय शैलीबाट मानवअधिकार आन्दोलनलाई तर्साउने, धम्क्याउने र हतोत्साहित तुल्याउने यस्ता क्रियाकलाप नगर्न र मानवअधिकारको सम्मान गर्न राज्यका जिम्मेवार निकायहरूलाई आग्रह गर्दछौं । साथै हामी राष्ट्रिय मानवअधिकार आयोगलाई आयोगको सबै संवैधानिक तथा कानुनी अधिकारहरू प्रभावकारी रूपमा प्रयोग गर्दै मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा सदाझैं अघि बढ्न अपील गर्दछौं ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल समक्ष राष्ट्रिय मानवअधिकार आयोगले बुझाएको

# मानवअधिकारसम्बन्धी स्मरणपत्र

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,

नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गरी मानवअधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा प्रभावकारी कार्यान्वयनको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको कुरा यहाँलाई विदितै छ। संविधान तथा ऐनले दिएको जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्नका लागि आयोग सदा क्रियाशील रहेको कुरा सहर्ष जानकारी गराउन चाहन्छौं। व्यक्तिको मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने क्रममा मानवअधिकारको वर्तमान अवस्था, आयोगले गरेका क्रियाकलापहरू, व्यहोर्नु परेका चुनौती तथा समस्याहरूका बारेमा जानकारी गराउनु उपयुक्त सम्झी उपर्युक्त विषयहरूलाई सङ्क्षेपमा उल्लेख गरिएको छ। साथै, आयोगले नेपाल सरकारबाट गरेका अपेक्षाहरूलाई समेत बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

**मानवअधिकारको वर्तमान अवस्थाः** नियमित रूपमा आयोगले गरेको अनुगमनबाट देशमा मानवअधिकारको अवस्था अत्यन्तै निराशाजनक पाइएको छ। व्यक्तिको स्वतन्त्र रूपमा बाँच्न पाउने, निर्वाध रूपमा आवागमन गर्न पाउने तथा शान्तिपूर्वक जीवनयापन गर्न पाउने हक प्रभावित भएको छ। दिनानुदिन तराई क्षेत्रमा बढ्दै गएको हत्या, हिंसा, अपहरण, जबरजस्ती चन्दा माग गर्ने, धम्की दिने जस्ता घटनाको वृद्धिले आम नागरिकको जनजीवन अत्यन्त प्रभावित भएको छ। मानवअधिकारको विषयवस्तुमा अहोरात्र खटिरहेका आमसञ्चारकर्मी र मानवअधिकार रक्षकहरू आफैं जोखिममा पर्नु र उनीहरूको सुरक्षा सुनिश्चित हुन नसक्नु ज्यादै दुःखको कुरा भएको छ। राज्यले नागरिकको जीऊधनको सुरक्षाको प्रत्याभूति दिलाउन हरसम्भव उपयाहरू अवलम्बन गर्नु पर्दछ। यसका अतिरिक्त दैनिक उपभोगका वस्तुहरूको आपूर्तिलाई व्यवस्थित गर्न तथा बढ्दो मूल्यवृद्धिलाई नियन्त्रण गर्न सरकारले पर्याप्त ध्यान दिनु पर्ने देखिन्छ।

**दण्डहीनताः मानवअधिकारको गम्भीर चुनौतीः** मुलुकमा विद्यमान दण्डहीनताको स्थिति मानवअधिकारको संरक्षण र सम्वर्द्धनको सन्दर्भमा गम्भीर चुनौतिको बनेको छ। राज्यले न्याय र सुव्यवस्था कायम राख्नका लागि व्यक्तिले गरेको अपराधअनुसार कारबाही चलाई प्रचलित कानुनबमोजिम सजायको दायरामा ल्याउनु पर्ने हुन्छ। यसका लागि कानुन कार्यान्वयन गर्ने निकायका अधिकारीहरूको मनोबल उच्च राख्नु पनि उत्तिकै महत्वपूर्ण छ। व्यक्तिले गरेका आपराधिक क्रियाकलापहरूलाई राजनीतिक संरक्षण वा उन्मुक्ति प्रदान गरिंदा आम नागरिकमा गम्भीर नकारात्मक असर पर्दछ। साथै, सरकारको अन्य कामकारबाहीप्रति पनि नकारात्मक भावना बढ्न सक्छ। तसर्थ अन्तर्राष्ट्रिय कानुनबमोजिम अपराधको रूपमा परिभाषित गम्भीर मानवअधिकार उल्लङ्घनका घटना तथा मानवता विरुद्धको अपराधसम्बन्धी घटनामा संलग्न दोषीहरूलाई कारबाहीको दायरामा ल्याउनै पर्दछ। त्यस्तै कारबाहीको प्रक्रियामा रहेका मुद्दाहरू फिर्ता लिइनु हुदैन भन्ने कुरा आयोग प्रधानमन्त्रीज्यूलाई स्मरण गराउँछ।

**नेपाल सरकारबाट आयोगले गरेको अपेक्षा**

१. **आयोगका सिफारिसहरूको कार्यान्वयन गरिनु पर्नेः** आयोगले मानवअधिकार हननका विभिन्न घटनाहरूका बारेमा सरकारलाई गरेका सिफारिसहरू कार्यान्वयन नभएकाले पीडित तथा सर्वसाधारणमा नकारात्मक असर पर्दैगएको छ। तसर्थ, सरकार मानवअधिकारप्रति संवेदनशील छ भन्ने प्रमाणित गर्नका लागि समेत आयोगले गरेको सिफारिस अनुसार पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाही गरिनु पर्दछ। साथै, आयोगले गरेका सिफारिसहरू कार्यान्वयनको प्रक्रियामा भए त्यससम्बन्धी जानकारी यस आयोगलाई दिइनु पर्दछ।

२. **आयोगसँग राय परामर्श गरिनु पर्नेः**

क) मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषयका विधेयकहरू व्यवस्थापिका संसद्मा पेस गर्नुपूर्व आयोगमा पठाई आयोगबाट प्राप्त भएको राय सुझावहरूलाई समेत समावेश गर्ने परिपाटीको विकास गरिनु पर्दछ।

ख) नेपाल-पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिउपर नेपालले संयुक्त राष्ट्रसङ्घीय समितिहरूमा पठाउनु पर्ने आवधिक प्रतिवेदनहरू आयोगको रायसुझावका लागि अनिवार्य रूपमा पठाइनु पर्दछ। साथै, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्नुपूर्व आयोगसँग परामर्श गरिनु पर्दछ।

ग) विभिन्न मन्त्रालयमा रहेका सन्धि विषयका सम्पर्क व्यक्तिहरूलाई स्पष्ट कार्यादेश प्रदान गरी निजहरूको क्षमता अभिवृद्धि गरिनु पर्दछ। साथै, त्यस्ता सम्पर्क व्यक्तिहरूलाई राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगायत विभिन्न गैरसरकारी सङ्घसंस्थासँग सहकार्यमा रहन निर्देशन दिइनु पर्दछ।

घ) मानवअधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा विदेशी दातृ संस्थाहरूसँग लिइने सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुपूर्व अनिवार्य रूपमा आयोगको परामर्श लिइनु पर्दछ।

३. **दण्डहीनताको अन्त्यका लागि तत्काल ठोस कदम चालिनु पर्नेः** दण्डहीनताको संस्कृतिको अन्त्यका लागि सरकारले तत्काल ठोस कदम चाल्नु पर्दछ। यसका लागि विधिको शासनको सम्मान गर्ने, सुरक्षा निकायहरूको सशक्तीकरण गर्ने, आयोगका सिफारिसहरूको कार्यान्वयन गर्ने, नेपाल-पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयन गर्ने, आपराधिक घटनामा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षण नदिने, मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनका घटनामा संलग्न दोषीलाई कारबाही गर्ने, साथै त्यस्ता प्रकृतिका मुद्दा फिर्ता नलिने लगायतका कार्यहरू गर्नु पर्दछ।

४. **आयोगलाई पर्याप्त स्रोत-साधन उपलब्ध गराउनु पर्नेः** मानवअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिबद्धतालाई कार्यान्वयन गर्न राज्यले पर्याप्त गृहकार्य गर्नु पर्दछ। राज्यले मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा क्रियाशील निकायहरूको क्षमता अभिवृद्धि तथा स्रोत-साधन सम्पन्न बनाउनु पर्दछ। राष्ट्रिय मानवअधिकार आयोगलाई बढी प्रभावकारी बनाउन, यसको क्षमता अभिवृद्धि गर्न र आयोगको पहुँच विस्तार गर्न आयोगलाई भवन, आर्थिक तथा प्राविधिक सहायता तथा पर्याप्त जनशक्ति सुनिश्चित गरिनु पर्दछ। हाल आयोगको केन्द्रीय कार्यालयको अतिरिक्त विराटनगर, पोखरा, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय कार्यालयहरू र जनकपुर, खोटाङ, बुटवल, र जुम्लामा सम्पर्क कार्यालय मार्फत् आयोगले आफ्नो सेवा प्रदान गरिआएको छ। मुलुकका विभिन्न क्षेत्रबाट आयोगको सेवाको विस्तारका लागि माग भई आएको र तराई लगायतका क्षेत्रमा देखा परेको मानवअधिकार उल्लंघनको अवस्था उपर समेत दृष्टिगत गरी जनकपुरमा क्षेत्रीय कार्यालय र इलाम, खोटाङ, बुटवल, दाङ, जुम्ला र काठमाडौंमा उपक्षेत्रीय कार्यालयहरू स्थापना गर्न प्रस्ताव गरी प्रधानमन्त्रीज्यूको कार्यालयमा लेखी पठाइसकिएको छ। यस सम्बन्धमा अविलम्ब निर्णय हुन समेत सादर अनुरोध गरिन्छ।

५. **द्वन्द्वपीडित, बेपत्ता तथा विस्थापित व्यक्ति सम्बन्धमाः** द्वन्द्वपीडित, विस्थापित, बेपत्ता व्यक्ति लगायतका पीडित तथा तिनका परिवारहरूलाई यथोचित न्याय र उपचार प्रदान गर्ने सम्बन्धमा आवश्यक संगठनात्मक संयन्त्रको अविलम्व व्यवस्था गर्न उपयुक्त देखिएको व्यहोरा समेत उल्लेख गरिन्छ। (मितिः २०६५ माघ ५ गते)

# राष्ट्रिय मानवअधिकार आयोग

## वि.सं. २०६५ माघ महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | सम्पर्क कार्यालयहरू | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | सुरक्षाकर्मीबाट बेपत्ता | - | - | - | ४ | - | - | यो महिना कुनै उजुरी परेन। | यो महिना कुनै उजुरी परेन। | यो महिना कुनै उजुरी परेन। | ४ |
| २ | नेकपा (माओवादी) बाट अपहरण/स्थिति अज्ञात (वाइसीएल समेत) | - | - | - | ४ | १ | - | | | | ५ |
| ३ | अन्य समूहबाट अपहरण/स्थिति अज्ञात | - | १ | - | - | - | १ | | | | २ |
| ४ | सुरक्षाकर्मीबाट हत्या/हिरासतमा मृत्यु | - | - | - | ३ | २ | - | | | | ५ |
| ५ | नेकपा (माओवादी) बाट हत्या | - | - | - | १ | १ | - | | | | २ |
| ६ | अन्यबाट हत्या | - | - | - | - | - | - | | | | - |
| ७ | यातना | - | - | १ | ३ | १ | १ | | | | ६ |
| ९ | दुर्व्यवहार | - | - | - | - | - | - | | | | - |
| १० | कारागारसम्बन्धी | - | - | - | - | - | - | | | | - |
| ११ | सुरक्षाकर्मीबाट विस्थापित | - | - | - | १ | - | - | | | | १ |
| १२ | नेकपा (माओवादी) बाट विस्थापित | - | १ | - | ४ | - | - | | | | ५ |
| १३ | नेकपा (माओवादी) द्वारा सम्पति कब्जा वाईसीएल समेत | - | १ | - | १ | - | - | | | | २ |
| १४ | सुरक्षाकर्मीद्वारा सम्पति कब्जा | - | - | - | १ | - | - | | | | १ |
| १५ | अन्यबाट सम्पति कब्जा | - | - | - | १ | - | - | | | | १ |
| १६ | क्षतिपूर्ति | - | - | - | - | - | - | | | | - |
| १७ | नेकपा (माओबादी, वाईसीएल समेत) बाट धम्की | - | - | - | - | - | - | | | | - |
| १८ | सुरक्षाकर्मीबाट धम्की | - | - | - | - | - | - | | | | - |
| १९ | अन्यबाट धम्की | - | - | - | - | - | - | | | | - |
| २० | थुना सम्बन्धी (गैरकानुनी पक्राउ) | - | - | - | - | - | - | | | | - |
| २१ | नागरिक अधिकार (जीवन रक्षा समेत) | - | - | १ | - | - | १ | | | | २ |
| २२ | पुनःगिरफ्तारी | - | - | - | - | - | - | | | | - |
| २३ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (जातीय भेद) | २ | - | - | - | - | - | | | | २ |
| २४ | सुरक्षाकर्मीबाट घाईते/कुटपिट | - | - | १ | - | - | - | | | | १ |
| २५ | नेकपा (माओवादी, वाईसीएलसमेत) बाट घाईते/कुटपिट | - | - | - | - | - | - | | | | - |
| २६ | बम विष्फोटमा घाईते | - | - | - | - | - | - | | | | - |
| २७ | बालअधिकार | - | - | - | १ | १ | - | | | | २ |
| २८ | महिलाअधिकार (घरेलु हिंसा समेत) | - | १ | १ | २ | - | - | | | | ४ |
| ३० | न्याय प्रशासन | - | १ | १ | - | १ | - | | | | ३ |
| ३१ | अन्य (शरणार्थी र रोजगारसम्बन्धी) | १ | - | २ | १ | ७ | २ | | | | १३ |
| | **जम्मा** | **३** | **५** | **७** | **२७** | **१४** | **५** | | | | ६१ |

# मानवअधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

## मानवअधिकार हटलाइन

## २-११-११-११

(दुई एघार एघार एघार)

## चौबीसै घन्टा खुला छ ।

- उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।
- उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।
- मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

### केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

### क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१०९१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरू

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११
जनकपुरधाम, धनुषा, फोन: ०४१-५२७२५०
जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२

### पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**
**केन्द्रीय कार्यालय, ललितपुर**
**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**
**फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३**
**इमेल: manav.adhikarpatra@nhrcnepal.org**

### प्रापक:

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य